सबैका लागि मर्यादा, समानता र न्याय

# मानवअधिकारपत्र

Human Rights Post

NHRC Monthly Newsletter Vol. 5 Issue 5-6, Nov. - Dec. 2012

वर्ष ५, अङ्क ८ राष्ट्रिय मानवअधिकार आयोगको समाचार बुलेटिन २०६९ मङ्सिर

## ६४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस

# दण्डहीनताको संस्कार अन्त्य गर्नुपर्नेमा जोड

प्रधानमन्त्री डा. बाबुराम भट्टराईले लोकतान्त्रिक परिपाटीमा नागरिकको हक-अधिकार सुनिश्चित हुन आवश्यक भएको र नयाँ संविधानले ती हक-अधिकारलाई सुनिश्चित गर्ने बताउनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोगकै परिसरमा आयोजित '६४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस' को अवसरमा प्रमुख अतिथिको आसनबाट बोल्दै उहाँले सो कुरा बताउनुभएको हो ।

प्रधानमन्त्री डा. भट्टराईले 'नेपालको अन्तरिम संविधान, २०६३' ले नागरिकको सामाजिक तथा राजनीतिक अधिकार सुनिश्चित गरेको चर्चा गर्दै संविधानसभाबाट अब जारी हुने नयाँ संविधानले अरू हक सुनिश्चित हुने धारणा अघि सार्नुभयो ।

उहाँले निष्पक्ष न्यायपालिकाको महत्वलाई जोड दिएर नेपाल सरकारले न्यायिक, प्रशासनिक तथा आर्थिक पक्षको सुधारसम्बन्धी नीति ल्याएको जानकारी दिनुभयो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले मानव अधिकार हनन् कर्तालाई आयोगको सिफारिश बमोजिम यथाशक्य छिटो कारबाही गर्न एवम् पीडितलाई राहत र परिपूरण र क्षतिपूर्ति व्यवस्था गर्न नेपाल सरकार समक्ष आग्रह गर्नुभयो ।



MY VOICE COUNTS 2012 HUMAN RIGHTS DAY

विधिको शासनलाई जोड दिँदै उहाँले भन्नुभयो, 'मानव अधिकार र कानुनको शासनबीच अन्योन्याश्रित सम्बन्ध छ । कानुनको शासनबेगर मानव अधिकार हनन्कर्तालाई दण्ड र पीडितलाई न्याय दिलाउन सकिँदैन । तसर्थ नेपालमा बढ्दै गएको दण्डहीनता समाप्त गर्न र नेपाली जनतालाई न्यायको अनुभूति दिलाउनको लागि कानुनको शासनप्रति हामी प्रतिबद्ध हुनुपरेको छ ।'

उहाँले आयोगको पटक पटकको आग्रहविपरीत सरकारले मुद्दा फिर्ता लिएर विकृत राजनीतिक संस्कार शुरु गरेको प्रसंग कोट्याउँदै हाल सरकारद्वारा मस्यौदा गरिएको अध्यादेशमा परिकल्पना गरिएको सत्य निरूपण तथा मेलमिलाप एवम् बेपत्ता छानबिन आयोगलाई माफी दिलाउने संयन्त्र नबनाई अन्यायमा परेकालाई न्याय दिने शक्तिशाली संयन्त्र बनाउन अग्रह गर्नुभयो ।

उहाँले दिनानुदिन राष्ट्रिय एकता कमजोर हुनु, लोकतन्त्रका स्तम्भहरू क्षीण हुँदै जानु, नागरिकमा राजनीतिक एवम् आर्थिक अधिकारको प्राप्तिबारे निराशा छाउँदै जानु, संविधानसभा निष्फल अन्त्य हुनु, शिखर न्यायपालिका पर्याप्त न्यायमूर्ति नहुनुजस्ता पक्षहरू दुःखद् स्थितिको रूपमा

...बाँकी पृष्ठ २ मा

# आप्रवासी कामदारसम्बन्धी महासन्धि अनुमोदन गर्न सरकारलाई सिफारिश

राष्ट्रिय मानव अधिकार आयोगको आज बसेको बैठकले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वद्धर्नका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिश गरेको छ ।

यसैगरी बैठकले 'मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका, २०६९' लाई पनि पारित गरेको छ । आयोगद्वारा २०६९ साल असोज २२ र २३ गते ललितपुरमा आयोजित मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनबाट पारित प्रस्ताव र 'मानव अधिकार रक्षकहरूसम्बन्धी

...बाँकी पृष्ठ २ मा

## यसभित्र

१. राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश २
२. काठमाडौं प्रतिबद्धतापत्र जारी, आप्रवासी कामदारहरूको अधिकार संरक्षण र सम्वर्द्धनमा जोड ३
३. कारागारको अवस्था सुधार्न पत्राचार ४
४. मानव अधिकारको सम्वर्द्धनका लागि आपसी सहयोग र सहकार्यको दायरा फराकिलो बनाउन जोड ५
५. विविध कार्यक्रमसहित जुम्लामा मानव अधिकार दिवस सम्पन्न ६
६. हिंसापीडित महिलालाई न्यायमा सहज पहुँच आवश्यक ७

*दण्डहीनताको संस्कार...* **पृष्ठ १ को बाँकी**

चित्रण गर्दै यिनीहरूमा आवश्यक सुधार हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

त्यस अवसरमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) का नेपालस्थित संयोजक रोबर्ट पाइपरले सरकारले अपराधिक प्रकृतिका मुद्दा फिर्ता लिएको घटनालाई दुर्भाग्यपूर्ण अवस्थाको रूपमा चित्रण गर्दै दुःख व्यक्त गर्नुभयो ।

उहाँले संक्रमणकालीन अवस्थाले नियमित न्याय प्रणालीलाई प्रभावित तुल्याउन नहुने राय प्रकट गर्दै अदालतमा दर्ता भएका अपराधिक प्रकृतिका मुद्दामाथि अविच्छिन्न रूपमा कारबाही अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य दिँदै राष्ट्रिय मानव अधिकार आयोगका सचिव विशाल खनालले आयोगका उपलब्धी र चुनौतीहरूमाथि प्रकाश पार्नुभयो ।

सो अवसरमा राष्ट्रिय महिला आयोगका अध्यक्ष शेख चाँदतारा, गैरसरकारी संस्था महासंघका अध्यक्ष शर्मिला कार्की र मानव अधिकार बृहत भेलाका संयोजक सुदर्शन सुवेदीले देशमा बढ्दै गएको दण्डहीनताको संस्कार अन्त्य गरी विधिको शासन कायम हुनुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्यद्वय रामनगिना सिंह र गौरी प्रधान; विदेशी कूटनीतिक नियोग, मानव अधिकारसम्बन्धी संस्था, नागरिक समाज, पेशागत संगठन आदिका प्रतिनिधि; पत्रकार तथा सर्वसाधारणहरूको उपस्थिति थियो ।

सो अवसरमा मानव अधिकारसँग सम्बन्धित विभिन्न संघसंस्थाद्वारा प्रभाफेरी गरिनुका साथै आयोगको परिसर 'स्टल' स्थापना गरेर प्रकाशनहरू प्रदर्शन गरिएका थिए ।

संयुक्त राष्ट्रसंघले सन् १९४८ डिसेम्बर १० तारिखमा 'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र' जारी गरेको अवसर पारेर हरेक वर्षको डिसेम्बर १० अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइन्छ । यस वर्षको नारा 'सार्वजनिक जीवनमा समावेशी र सहभागिताको अधिकार' रहेको थियो ।

# राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले आयोगको आर्थिक वर्ष २०६८/२०६९ को वार्षिक प्रतिवेदन राष्ट्रपति डा. रामवरण यादव समक्ष राष्ट्रपति भवन सीतल निवासमा एक समारोहबीच पेश गर्नुभएको छ ।

राष्ट्रपति रामवरण यादवले प्रतिवेदन ग्रहण गर्दै प्रतिवेदन तयार पार्ने क्रममा लगनशीलताका साथ काम गरेको भन्दै आयोगका कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

त्यस अवसरमा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले बढ्दो दण्डीनता, आयोगले गरेका सिफारिशहरूको आंशिक कार्यान्वयन, मुद्दा फिर्ता, संक्रमणकालीन न्याय सम्पादनसम्बन्धी संयन्त्रको अभाव आदिका कारण मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा कठिनाइ उत्पन्न भएको बताउनुभयो ।




उहाँले जनशक्तिको अभाव, अनुपयुक्त भौतिक संरचनाले निम्त्याएको असजिलोपनलगायत आयोगले भोगेका समस्याहरू पनि राष्ट्रपति समक्ष जाहेर गर्नुभयो ।

राष्ट्रपति समक्ष पेश गरिएको प्रतिवदेनमा आर्थिक वर्ष २०६८/२०६९ मा आयोगमा २ सय ७६ उजुरी परेको उल्लिखित छ । प्रतिवेदन बुझाउँदाको समयसम्म आयोगमा अघिल्ला वर्षहरूका उजुरीसमेत गरी ५ हजार ३ सय ८० परेका छन् ।

प्रतिवेदनका अनुसार हत्या, विस्थापन, यातना, महिला अधिकार, बन्दीहरूको अधिकार, सामाजिक एवम् आर्थिक अधिकार हनन्लगायत विषयमा उजुरी पर्ने गरेका छन् ।

प्रतिवेदन बुझाउने क्रममा आयोगका सदस्यद्वय रामनगिना सिंह, गौरी प्रधान, सचिव विशाल खनाल एवम् उच्चपदस्थ अधिकृतहरू सीतल निवास पुग्नुभएको थियो ।

*आप्रवासी कामदार...* **पृष्ठ १ को बाँकी**

संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९८' को मर्मलाई समेत मार्गनिर्देशिकामा समेटिएको छ ।

यसैगरी बैठकले मानव अधिकार रक्षक र नागरिक समाजसँगको सहकार्यलाई सबल र संस्थागत गर्ने उद्देश्यले तयार पारिएको 'मानव अधिकार सहकार्य र समन्वय सम्बन्धी निर्देशिका, २०६९' लाई पनि पारित गरी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गरेको छ ।

## राष्ट्रिय मानवअधिकार आयोग

### केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष** : केदारनाथ उपाध्याय
**सदस्य** : रामनगिना सिंह
**सदस्य** : गौरी प्रधान
**सदस्य** : डा. लीला पाठक
**सदस्य** : डा. के.बी. रोकाया
**सचिव** : विशाल खनाल

## आप्रवासी कामदार हरूको हक-अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन

# काठमाडौं प्रतिबद्धतापत्र जारी, आप्रवासी कामदारहरूको अधिकार संरक्षण र सम्वर्द्धनमा जोड

आप्रवासी कामदारहरूको हक-अधिकारसम्बन्धी दुई दिवसीय अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ ।

सम्मेलनको उद्घाटन-सत्रमा प्रमुख अतिथिको आसनबाट बोल्दै राष्ट्रपति डा. रामवरण यादवले आप्रवासी कामदार हरूले भोगेका समस्या सबैको साझा सरोकारको विषय बन्नुपर्ने बताउनुभयो ।

'एशिया प्रशान्त क्षेत्रका आप्रवासी कामदारको अधिकार संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरुबीच सहकार्य' विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा बोल्दै राष्ट्रपति डा. यादवले विदेशमा जाने महिला कामदारहरू कतिपय अवस्थामा अप्ठेरोमा परेकोले उनीहरूले भोग्नुपरेका समस्याप्रति कामदार पठाउने मुलुक एवम् गन्तव्य मुलुकले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वर्द्धनका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिश गरेकोमा त्यसको प्रशंसा गर्नुभयो ।

आप्रवासी कामदारहरूले देशको कुल ग्राहस्थ उत्पादनमा हाल २३ प्रतिशत योगदान गरेको चर्चा गर्दै अब उनीहरूको हकहितमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सम्मेलनमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले रोजगारीको अवसर खोज्ने क्रममा मानव तस्करीको माध्यमबाट कतिपय युवायुवतीहरू विदेशमा पुग्ने गरेको चर्चा गर्दै उनीहरूको अवस्था र उनीहरूले खाएको हण्डरको राम्रोसँग अभिलेखीकरण हुन नसकेको बताउनुभयो ।




उहाँले उनीहरूको न्यूनतम मानव अधिकारको पनि उपभोग गर्न नपाई दासको जस्तो जीवन बिताउनुपरेकोमा दुःख व्यक्त गर्दै यसतर्फ सबै सरोकारवालाहरुको ध्यान जानुपर्ने बताउनुभयो ।

यही वास्तविकतालाई ध्यानमा राखेर 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिश गरिएको जानकारी दिनुभयो ।

स्मरणीय छ, आयोगको २०६९ साल मंसिर ७ गतेको बैठकले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वर्द्धनका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिश गरिसकेको छ ।

सम्मेलनमा स्वागत मन्तव्य दिंदै आयोगका सदस्य रामनगिना सिंहले अहिले करिब ३० लाख नेपालीले आप्रवासी कामदारको रूपमा विदेशमा काम गरिरहेको र यसबाट ५६ प्रतिशत घरधुरीले विदेशी आय (भारतबाहेक) प्राप्त गरेको बताउनुभयो ।

उहाँले आप्रवासी कामदारले विदेशी भूमिमा थुप्रै हेंलाहोंचो सहनुपरेको बताउँदै उनीहरू मानव भएकाले मानवोचित व्यवहारको हकदार भएको बताउनुभयो ।

सम्मेलनमा बोल्दै अन्तर्राष्ट्रिय आप्रवासी संगठन (एशिया प्रशान्त क्षेत्र) का क्षेत्रीय निर्देशक एन्ड्रू ब्रुसले पश्चिम एशियामा पुगेका आप्रवासी कामदारहरूको मानव अधिकार तुलनात्मक रूपमा बढी हनन् हुने गरेको बताउनुभयो ।

उहाँले आप्रवासी कामदारका कारण जनशक्ति पठाउने र प्राप्त गर्ने दुवै मुलुकलाई लाभ पुगेको बताउँदै आप्रवासी कामदारसम्बन्धी गतिविधि उपयुक्त कानुन, नीति र अन्तर्राष्ट्रिय मान्यताबाट निर्देशित हुनुपर्ने बताउनुभयो ।

उहाँले अनौपचारिक रूपमा विदेश पुगेका कामदारहरूको उचित व्यवस्थापन गर्नुपर्ने, उनीहरूको हकहित रक्षाका लागि रोजगारदाताद्वारा आचार संहिताको पालना र आप्रवासी कामदारबारे निर्देशिका बन्नुपर्ने एवम् जनस्तरमा जनचेतना जगाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सम्मेलनमा आप्रवासी कामदार पठाउने, प्राप्त गर्ने र ट्रान्जिट मुलुकबीच आप्रवासी कामदारहरूका हक-अधिकारका लागि सहकार्य, सहयोग र पैरवीका साझा क्षेत्र के कसरी पहिल्याउन सकिन्छ भन्नेबारे छलफल भएको थियो ।

...बाँकी पृष्ठ ४ मा

*काठमाडौं प्रतिबद्धतापत्र... पृष्ठ ३ को बाँकी*

यसैगरी, सम्मेलनमा आप्रवासी कामदारहरुको हकहितका पक्षमा संयुक्त राष्ट्रसंघ, विभिन्न देशका सरकार र मानव अधिकारसम्बन्धी संस्थाले तय गरी अपनाएका उपयोगी नीति, योजना एवम् कार्यक्रमबारे विचार-विमर्श भएको थियो ।

मंसिर ११ गतेदेखि १२ गतेसम्म चलेको सम्मेलनको अन्त्यमा 'काठमाडौं प्रतिबद्धतापत्र' जारी गरेको थियो । प्रतिबद्धतापत्रमा 'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८' 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' आदिलाई आधार मानेर आप्रवासी कामदारहरूका नैसर्गिक हितका पक्षमा उल्लेख गरिएको छ ।

सम्मेलनमा नेपाल, भारत, दक्षिण कोरिया, कतार, अफगानिस्तान, श्रीलङ्का र मालदिभ्सका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाका अध्यक्ष र सदस्यहरूको सहभागिता थियो ।

यसैगरी अन्तर्राष्ट्रिय आप्रवासी संगठनलगायतका संस्थाका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, कामदार पठाउने, प्राप्त गर्ने र ट्रान्जिट मुलुकका राजदूतावासका प्रतिनिधि, वैदेशिक रोजगारसम्बन्धी संस्थाका प्रतिनिधि, नगारिक समाजका प्रतिनिधि एवम् आप्रवासी कामदारसम्बन्धी विशेषज्ञहरुको पनि सम्मेलनमा सहभागिता थियो ।

यसैबीच, सम्मेलनले बंगलादेशको कपडा कारखानामा भएको भएको आगलागीबाट मजदुरहरूको मृत्यु भएको घटनाबारे सम्मेलनले शोक प्रस्ताव पारित गर्दै घाइतेहरूको उचित औषधोपचार र मृत्यु भएका व्यक्तिहरूको परिवारजनलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्न पनि बंगलादेश सरकारसँग आग्रह गरेको छ ।

# कारागारको अवस्था सुधार्न पत्राचार

राष्ट्रिय मानव मानव अधिकार आयोगले कारागार तथा बन्दीगृहहरूको अवस्था सुधार्न आग्रह गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्राचार गरेको छ ।

पत्रमा भूकम्प, आगलागी एवम् सुरक्षाको दृष्टिले कारागार तथा बन्दीगृहहरूको अवस्था जोखिमपूर्ण रहेको उल्लेख गरिएको छ ।

अधिकांश कारागार तथा बन्दीगृह बन्दीहरूको अत्याधिक चापको कारण अव्यवस्थित रहेको उल्लेख गर्दै महिला बन्दी र तिनका साथमा रहेका बालबालिकाहरूको उचित लालनपालन र शिक्षादीक्षा प्रदान गर्ने व्यवस्था नभएको भन्दै पत्रमा चिन्ता व्यक्त गरिएको छ ।

कारागार यथार्थमा यातनागृह नभई सुधारगृह हो भन्दै कारागार र बन्दीहरूको हकहित संरक्षण गर्न तथा उनीहरूको व्यावसायिक सीप विकास, शिक्षा आर्जन र स्वास्थ्य शारीरिक तथा मानसिक विकासको निम्ति आवश्यक सीपमूलक तालिम, पुस्तकालय र खेलकुदको पर्याप्त र उचित प्रबन्ध मिलाउन आग्रह गरिएको छ ।

'कारागार तथा बन्दीगृहको अवस्थामा यथोचित सुधार गरी राष्ट्रिय मानवअधिकार आयोगको 'कारागार तथा हिरासत अनुगमन मार्गनिर्देशिका, २०६५' अनुसार बन्दीहरुको हक-हित सम्वर्द्धन र संरक्षणमा तत्काल सुधार ल्याउन आवश्यक देखिन्छ । आयोगले विगतमा यस विषयमा गरेको सिफारिशहरू र नेपाल सरकार आफैंले बनाएका 'कारागार सुधार सम्बन्धी उच्चस्तर आयोग' ले दिएका महत्वपूर्ण सुझावहरूलाई व्यवहारमा प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।' पत्रमा भनिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको आज बसेको बैठकले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वर्द्धनका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिश गरेको छ ।

यसैगरी बैठकले 'मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका, २०६९' लाई पनि पारित गरेको छ । आयोगद्वारा २०६९ साल असोज २२ र २३ गते ललितपुरमा आयोजना गरेको मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनबाट पारित प्रस्ताव र 'मानव अधिकार रक्षकहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९८' को मर्मलाई समेत मार्गनिर्देशिकामा समेटिएको छ ।

यसैगरी बैठकले मानव अधिकार रक्षक र नागरिक समाजसँगको सहकार्यलाई सबल र संस्थागत गर्ने उद्देश्यले तयार पारिएको 'मानव अधिकार सहकार्य र समन्वय सम्बन्धी निर्देशिका, २०६९' लाई पनि पारित गरी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गरेको छ ।

> **कारागार अवस्था सुधार्न पत्राचार**
>
> **काठमाडौं, २१ मंसिर (अन्नपूर्ण):** राष्ट्रिय मानवअधिकार आयोगले कारागार तथा बन्दीगृहको अवस्था सुधार्न आग्रह गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ। भूकम्प, आगलागी तथा सुरक्षाका दृष्टिले कारागार तथा बन्दीगृह जोखिमपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै आयोगले सुधारका लागि पत्राचार गरेको हो। अधिकांश कारागार तथा बन्दीगृह बन्दीको अत्यधिक चापका कारण अव्यवस्थित रहेको उल्लेख गर्दै महिला बन्दी र तिनका बालबालिकाको लालनपालन र शिक्षाको व्यवस्था नभएकोमा आयोगले चिन्ता व्यक्त गरेको छ। 'कारागार यातनागृह नभई सुधारगृह हो, त्यहाँ सीप, शिक्षा र शारीरिक तथा मानसिक स्वास्थ्यको विकासको निम्ति तालिम, पुस्तकालय तथा खेलकदको प्रबन्ध गर्नपर्छ'. पत्रमा उल्लेख छ।

नेपाल र दक्षिण कोरियाका मानव अधिकार आयुक्तहरूबीच भेटवार्ता

# मानव अधिकारको सम्वर्द्धनका लागि आपसी सहयोग र सहकार्यको दायरा फराकिलो बनाउन जोड

राष्ट्रिय मानव अधिकार आयोग (नेपाल) र राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) बीच मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा आपसी सहयोग र सहकार्यको दायरा फराकिलो बनाउने विषयमा छलफल भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) का अध्यक्ष ह्युन ब्युङ चुलको नेतृत्वमा आएको चार सदस्यीय प्रतिनिधि मण्डल र राष्ट्रिय मानव अधिकार आयोग (नेपाल) का पदाधिकारीहरुबीच आयोगकै कार्यालयमा बुधबार भएको भेटवार्तामा त्यस विषयमा छलफल भएको हो ।

भेटवार्तामा आफ्नो विचार अघि सार्दै राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) का अध्यक्ष ह्युन ब्युङ चुलले दक्षिण कोरियामा रहेका आप्रवासी कामदारहरूका हक-अधिकारका पक्षमा क्रियाशील भएको बताउनुभयो ।

अध्यक्ष चुलले नेपालबाट दक्षिण कोरिया पुगेका आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा पनि आफूहरू गम्भीरतापूर्वक लागेको जानकारी दिनुभयो ।

उहाँले आप्रवासी कामदारको स्वास्थ्यसम्बन्धी हक, तिनका बालबालिकाको शिक्षाको हक र अन्य मौलिक मानव अधिकार र मौलिक स्वतन्त्रता सुनिश्चित गरिनुपर्छ भनेर सरकारलाई सिफारिश गरेको बताउनुभयो ।

उहाँले वैवाहिक सम्बन्धमा बाँधिएर कोरिया पुगेका र अभिलेखीकरण नभएका अन्य प्रकृतिका आप्रवासी कामदारहरूका मानव अधिकारको रक्षाका लागि दक्षिण कोरिया सरकारलाई झक्झक्याइरहेको जानकारी दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले कोरियाली प्रतिनिधि मण्डललाई स्वागत गर्दै राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) लाई मानव अधिकारको संरक्षण र सम्वर्द्धनको दिशामा घनिष्ट साझेदारको रूपमा लिएको बताउनुभयो ।

अध्यक्ष उपाध्यायले नेपाल र दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगहरूबीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको प्रसंग स्मरण गर्दै मानव अधिकारको वृहत्तर लक्ष्य हाँसिल गर्ने अभियानमा राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) सँग आफूहरूले आउँदा दिनमा पनि सहकार्य गर्न चाहेको विचार अघि सार्नुभयो । उहाँले कोरियामा रहेका आप्रवासी नेपाली कामदारहरूका हक-अधिकारका पक्षमा पनि चासो राख्नुभएको थियो ।

आयोगका सदस्य गौरी प्रधानले आप्रवासी कामदारहरूको हक-हित संरक्षणका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोगका दायरा फराकिलो पार्ने विषयमा दुई देशका आयोगबीच आपसी सहकार्यका लागि प्रसस्त सम्भावना रहेको चर्चा गर्दै आफूहरू मानव अधिकारका साझा सरोकारका विषयमा हातेमालो गरेर अघि बढ्न चाहेको बताउनुभयो ।

सदस्य प्रधानले नेपाल र दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगहरूबीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीलाई सशक्त र प्रभावकारी बनाउन त्यसको नियमित अनुगमन हुनुपर्ने खाँचो औंल्याउनुभयो ।

भेटवार्तामा आयोगको सदस्य रामनगिना सिंह, सचिव विशाल खनाल र उच्चपदस्थ अधिकृतहरू सहभागी हुनुहुन्थ्यो ।

स्मरणीय छ, नेपाल र दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगहरूबीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीपत्रमा सन् २०१० डिसेम्बर २७ मा हस्तारक्षर भइसेको छ ।

## कोरियामा रहेका नेपाली कामदारको अधिकार हेर्ने प्रतिबद्धता

नेपाल समाचारपत्र

काठमाडौं

राष्ट्रिय मानवअधिकार आयोग नेपाल र राष्ट्रिय मानवअधिकार आयोग दक्षिण कोरियाबीच मानवअधिकारको संरक्षण र संवर्द्धनमा आपसी सहयोग र सहकार्यको दायरा फराकिलो बनाउने विषयमा छलफल भएको छ।

राष्ट्रिय मानवअधिकार आयोग दक्षिण कोरियाका अध्यक्ष ह्युन ब्युङ चुलको नेतृत्वमा आएको चारसदस्यीय प्रतिनिधि मण्डल र राष्ट्रिय मानवअधिकार आयोग नेपालका पदाधिकारीहरू बीच आयोगकै कार्यालयमा बुधबार भएको भेटवार्तामा त्यस विषयमा छलफल भएको हो।

भेटवार्तामा आपनो विचार अघिसार्दै राष्ट्रिय मानवअधिकार आयोग दक्षिण कोरियाका अध्यक्ष चुलले दक्षिण कोरियामा रहेका आप्रवासी कामदारहरूका हक-अधिकारका पक्षमा क्रियाशील

आप्रवासी कामदारहरूको मानवअधिकार संरक्षण र संवर्द्धनमा पनि आफूहरू गम्भीरतापूर्वक लागेको जानकारी दिनुभयो।

उहाँले आप्रवासी कामदारको स्वास्थ्यसम्बन्धी हक, तिनका बालबालिकाको शिक्षाको हक र अन्य मौलिक मानवअधिकार र मौलिक स्वतन्त्रता सुनिश्चित गरिनुपर्छ भनेर सरकारलाई सिफारिस गरेको उहाँले बताउनुभयो।

उहाँले वैवाहिक सम्बन्धमा बाँधिएर कोरिया पुगेका र अभिलेखीकरण नभएका अन्य प्रकृतिका आप्रवासी कामदारहरूका मानव अधिकारको रक्षाका लागि दक्षिण कोरिया सरकारलाई झक्झक्याइरहेको समेत जानकारी दिनुभयो।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले कोरियाली प्रतिनिधि मण्डललाई स्वागत गर्दै आफूहरूले राष्ट्रिय मानवअधिकार आयोग दक्षिण कोरियालाई मानव अधिकारको संरक्षण र संवर्द्धनको दिशामा घनिष्ट

कोरियाका राष्ट्रिय मानवअधिकार आयोगहरू बीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको प्रसंग स्मरण गर्दै मानव अधिकारको वृहत्तर लक्ष्य हासिल गर्ने अभियानमा राष्ट्रिय मानवअधिकार आयोग दक्षिण कोरियासँग आफूहरूले आउँदा दिनमा पनि सहकार्य गर्न चाहेको विचार राख्नुभयो। उहाँले कोरियामा रहेका आप्रवासी नेपाली कामदारहरूका हक-अधिकारका पक्षमा पनि चासो राख्नुभएको थियो।

आयोगका सदस्य गौरी प्रधानले आप्रवासी कामदारहरूको हक-हित संरक्षणका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोगका दायरा फराकिलो पार्ने विषयमा दुई देशका आयोगबीच आपसी सहकार्यका लागि प्रसस्त सम्भावना रहेको चर्चा गर्दै आफूहरू मानव अधिकारका साझा सरोकारका विषयमा हातेमालो गरेर अघि बढ्न चाहेको बताउनुभयो। भेटवार्तामा आयोगको

# विविध कार्यक्रमसहित जुम्लामा मानव अधिकार दिवस सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (जुम्ला) ले विविध कार्यक्रमसहित ६४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाएको छ ।

मंसिर २५ गते बिहान ११ बजे टुँडिखेल मैदानबाट शुरु र्‍यालीले बजार परिक्रमा गर्दै जिल्ला विकास समितिको प्राङ्गणमा सभामा परिणत भएको थियो ।

व्यापक जनसहभागिता रहेको र्‍यालीमा पुनरावेदन अदालत (जुम्ला) का मुख्य न्यायाधीश खेमराज शर्मा, जिल्ला अदालत (जुम्ला) का न्यायाधीश महेन्द्रराज गौतम, वरिष्ठ प्रहरी उपरिक्षक रमेश पाण्डे, २४ नं. बाहिनीका बाहिनीपति दीपक कार्की र निमित्त प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा सहभागी हुनुहुन्थ्यो ।

यसैगरी, र्‍यालीमा राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, व्यवसायी, मानव अधिकारकर्मी, पत्रकार, वकिल, प्राध्यापक एवम् आमनागरिकको उलेख्य रुपमा सहभागिता रहेको थियो ।

बाजागाजासहित शुरु भएको र्‍यालीमा झाँकी, प्रहसन, नाटक र नृत्य प्रस्तुत गरिएका थिए । र्‍यालीमा मानव अधिकारसम्बन्धी नारा र गीत पनि प्रस्तुत गरिएका थिए ।

त्यस अवसरमा स्थानीय एफएम रेडियोहरूले विशेष अन्तरवार्ता, अन्तरक्रिया छलफल एवम् सूचनामूलक 'जिङगल' हरू प्रसारण गरेका थिए ।

अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको पूर्वसन्ध्या अर्थात् मंसिर २४ गतेको बिहान राष्ट्रिय मानव अधिकार आयोग





उपक्षेत्रीय कार्यालय (जुम्ला) को संयोजनमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालको परिसरमा सरसफाइ कार्यक्रम आयोजना गरिएको थियो ।

जिल्ला अदालत (जुम्ला) का न्यायाधीश महेन्द्रराज गौतमले उद्घाटन गर्नुभएको कार्यक्रममा वरिष्ठ प्रहरी उपरिक्षक रमेश पाण्डे, २४ नं. बाहिनीका बाहिनीपति दीपक कार्की र निमित्त प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा समाजका सबै तह र तप्काका मानिसहरूको सहभागिता थियो ।

६४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा मंसिर २३ गते यस कार्यालयको संयोजनमा मानव अधिकारमैत्री फुटबल खेल आयोजना गरिएको गरियो । पुनरावेदन अदालत जुम्लाका मुख्य न्यायाधीश श्री खेमराज शर्माले बल हस्तान्तरण गरी खेलको उद्घाटन गर्नुभएको थियो ।

त्यस अवसरमा उद्घाटन मन्तव्य दिँदै पुनरावेदन अदालत जुम्लाका मुख्य न्यायाधीश श्री खेमराज शर्माले फुटबल खेलले राज्यका निकाय र अन्य सरोकारवालाहरूबीच विद्यमान सहकार्य





र समन्वयको वातारणलाई अझ व्यापक बनाउन सहयोग पुग्ने धारणा राख्नुभयो ।

निमित्त प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले फुटबल खेलले सबै साझेदार हरूबीच रहेको मित्रभाव अरू विस्तार गर्ने चर्चा गर्दै भविष्यमा सहकार्य सजिलो हुने विश्वास प्रकट गर्नुभयो ।

खेल सञ्चालनका लागि 'मानव अधिकार ११' र 'प्रशासन ११' नामक दुई टोली गठन गरिएका थिए । 'मानव अधिकार ११' को नेतृत्व आयोगको उपक्षेत्रीय कार्यालय (जुम्ला) का निमित्त उपनिर्देशक झङ्करबहादुर रावलले गर्नुभएको थियो भने 'प्रशासन ११' को नेतृत्व जुम्लाका निमित्त प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले गर्नुभएको थियो ।

फुटबल खेलमा नेपाली सेना, नेपाल प्रहरी, सरकारी कार्यालयका कार्यालय प्रमुख तथा आयोगको उप-क्षेत्रीय कार्यालयलगायतका मानव अधिकारवादी संघ-संस्था, नेपाल बार एशोसिएशन, नेपाल पत्रकार महासंघ, महिला विकास कार्यालय, नागरिक समाज, नेपाल रेडक्रस सोसाइटी आदिको सहभागिता थियो ।

खेलकुद विकास समिति (जुम्ला) र एन्फा (जुम्ला) ले रेफ्री र लायन्सम्यान उपलब्ध गराएको थियो । नितान्त प्रतिस्पर्धात्मक भएको त्यस खेलमा कुनै पनि पक्षबाट गोल हुन सकेन ।

कार्यक्रम आयोजकको तर्फबाट आयोगका उपक्षेत्रीय कार्यालयका निमित्त उपक्षेत्रीय निर्देशक झंकरबहादुर रावलले सहभागीहरूलाई धन्यवाद दिनुभएको थियो ।

# हिंसापीडित महिलालाई न्यायमा सहज पहुँच आवश्यक




बाँकेमा कार्यरत अधिकारकर्मी र बुद्धिजीवीहरूले हिंसापीडित महिलाको न्यायमा सहज पहुँच पुऱ्याउनका लागि उपयुक्त वातावरण तयार गर्न सबै तत्पर हुनुपर्ने आवश्यकता औंल्याउनुभएको हो ।

नेपालगञ्जमा आयोजित 'हिंसा पीडित महिलाको न्यायमा पहुँच' विषयक अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले उक्त आवश्यकता औंल्याउनुभएको हो ।

एडभोकेसी फोरम नेपालका वसन्त गौतमले यौनजन्य हिंसाको अनुसन्धान प्रक्रियालाई थप वैज्ञानिक बनाउनका लागि प्रहरी र सरकारी वकिललाई तालिमको व्यवस्था गर्नुपर्ने र फौजदारी न्याय प्रणालीका विभिन्न तहमा तालिम प्राप्त महिला अधिकृतहरू भर्ना गरिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले महिलामाथिको हिंसा अन्त्य गर्न पीडित तथा साक्षीको संरक्षण सम्बन्धी व्यवस्था गरिनुपर्ने तथा उजुरी हदम्यादको सीमित दायरालाई कानुनद्वारा नै फराकिलो पार्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

पुनरावेदन अदालतका (नेपालगञ्ज) न्यायाधीश प्रकाशकुमार ढुंगानाले महिला हिंसाको सवालमा अदालत सम्वेदनशील भएको चर्चा गर्दै हरेक पीडितले न्याय पाउनुपर्छ भन्ने आदर्शबाट अदालत निर्देशित भएको जानकारी दिनुभयो ।

पुनरावेदन अदालत (नेपालगञ्ज) का न्यायाधीश शिवराज अधिकारीले महिला हिंसा न्यूनीकरण गर्न 'आजैदेखि काम शुरु गरौं, अहिले नै शुरु गरौं' भन्ने सामूहिक तथा व्यक्तिगत प्रतिबद्धताको खाँचो रहेको विचार अघि सार्नुभयो ।

उहाँले महिला हिंसाका घटनामा मुद्दा चलेको भए पनि पीडितहरू नै मुद्दा फिर्ता पाउँ भन्दै आएको अवस्थामाथि प्रकाश पार्दै यस्तो मानव अधिकारकर्मीहरूका लागि पनि चुनौतीपूर्ण छ भन्नुभयो ।

सो अवसरमा आफ्नो धारणा अघि सार्दै राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (नेपालगञ्ज) निमित्त क्षेत्रीय निर्देशक मुरारी खरेलले कतिपय हिंसापीडित महिला उजुरी प्रक्रियाबारे अनभिज्ञ रहेकाले महिला हिंसाका घटनाहरू ओझेलमा परेका छन् भन्नुभयो ।

उहाँले महिलाहरूलाई आफ्ना हक-अधिकारप्रति सचेत तुल्याउन कानुनी साक्षरता अभियानलाई जनस्तरसम्म बढाउँदै लानुपर्नेमा जोड दिँदै यस दिशामा जिम्मेवार निकायहरू जवाफदेही हुनुपर्ने विचार अघि सार्नुभयो




कार्यक्रममा आफ्नो धारणा अघि सार्दै पुनरावेदन अदालत (नेपालगञ्ज) अर्का न्यायाधीश किशोर सिलवालले नागरिकको न्यायमा सहज पहुँच पुगोस् भनेर निःशुल्क रूपमा कानुनी सेवा दिने गरी अदालतमा एकजना कानुन व्यवसायीको व्यवस्था गरिएको भए पनि यसको उचित प्रचार-प्रसार नहुँदा नागरिकले उचित सेवा पाउन नसकेको धारणा अघि सार्नुभयो ।

कार्यक्रममा महिला तथा बालबालिका कार्यालय (बाँके) का प्रमुख शोभा शाहले स-सानो सहयोगले पनि हिंसापीडित महिलालाई योगदान पुग्ने चर्चा गर्दै पीडित महिलालाई सहजीकरण गर्नु, हौसला दिनु र अदालतसम्म पुऱ्याउनु पनि न्यायमा पहुँच हो भन्नुभयो ।

उहाँले 'हजार माइलको यात्रा पनि पहिलो पाइलाबाटै शुरु हुन्छ' भन्ने भनाइलाई अघि सार्दै हिंसापीडित महिलाका पक्षमा गरिएको सानो सहयोग पनि ठूलो अर्थ राख्छ भन्ने धारणा अघि सार्नुभयो ।

कार्यक्रममा बोल्दै बार एशोसिएशन (बाँके) का अध्यक्ष विश्वजीत तिवारीले हिंसापीडित महिलाबारेका सूचना सम्वेदनशील हुने भएकाले त्यस्ता सूचनाको गोपनीयतालाई गम्भीरताका साथ लिनुपर्ने सुझाव दिनुभयो ।

...बाँकी पृष्ठ ८ मा

हु.द.नं. २६/०६६/०६७

*हिंसापीडित महिला... पृष्ठ ७ को बाँकी*

अधिवक्ता भीमबहादुर शाहीले देउकी, झुमालगायत प्रथाजनित् हिंसाबाट महिलाहरू पीडित भएकाले यस्ता हिंसा अन्त्य गर्ने दिशामा हाम्रो ध्यान केन्द्रित हुनुपर्ने धारणा अघि सार्नुभयो ।

नेपालगञ्जस्थित 'सेभ द चिल्ड्रेन' का कार्यक्रम संयोजक मीना पराजुलीले शक्ति संरचनामा महिलाको पहुँच नहुनु, न्याय प्रणाली झञ्झटिलो हुनु, सोंचाइमा परिवर्तन नआउनुजस्ता कारणले न्यायमा महिलाको पहुँच नभएको चर्चा गर्दै यस्ता पक्षहरूमा तत्काल सुधार हुनुपर्नेमा जोड दिनुभयो ।

अधिवक्ता सुनिल श्रेष्ठले यौन हिंसामा परेका महिलालाई असहज हुने किसिमले प्रश्न सोधिने हुनाले यातना उनीहरू अदालत र प्रहरी कार्यालय जान नमान्ने अवस्था उल्लेख गर्दै उनीहरूको न्यायमा पहुँच बढाउन महिलामैत्री वातावरण तयार पार्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

द्वन्द्वपीडित महिला एकमाया विश्वकर्माले कुनै पनि घटनाको अदालतले प्रमाण खोज्छ तर यौन हिंसाबाट पीडित महिलाले हत्तपत्त प्रमाण जुटाउन नसक्ने भएकोले उनीहरू न्यायको पहुँचबाट वञ्चित हुने गरेका छन् भन्नुभयो ।

बाँकेका प्रमुख जिल्ला अधिकारी ढुण्डिराज पोखरेल नारी उत्थान केन्द्र (बाँके) का अध्यक्ष झुकमाया जिएम, जिल्ला प्रहरी कार्यालय बाँके (महिला सेल) का श्यामकुमारी मगर, सञ्चारकर्मीद्वय लक्ष्मी बिसी र अक्षरी पोखरेल, महिला मानव अधिकार सञ्जाल (बाँके) का शोभना मिश्र, फातिमा फाउण्डेशनका शाहिदा शाह, बालमजदुर सरोकार केन्द्र (सिविन नेपाल) का मधुसुदन दवाडी, स्थानीय शान्ति समिति (बाँके) का संयोजक नरहरिनाथ योगी एडभोकेसी फोरम नेपालका विनु श्रेष्ठलगायतका बक्ताले महिलाको न्यायमा पहुँच भइरहेको अवरोध र त्यसका लागि चाल्नुपर्ने कदमहरूबारे मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पुनरावेदन अदालतका न्यायाधीश वीरसिंह महरा र बाँकेका प्रमुख जिल्ला अधिकारी ढुण्डीराज पोखरेल सरोकारवाला सरकारी एवम् गैरसरकारी निकायका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कानुन व्यवसायी, सञ्चारकर्मी र पेशागत संगठनका प्रतिनिधिहरू गरी ८४ जनाको सहभागिता थियो ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (नेपालगञ्ज) लगायत मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरूको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको थियो ।


## केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोनः ०१-५०१००१५, फ्याक्सः ९७७-१-५५४७९७३
इमेलः nhrc@nhrcnepal.org / वेबसाइटः www.nhrcnepal.org

## क्षेत्रीय कार्यालयहरु

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोनः ०२१-४६१९३१, ४६१०९३
फ्याक्सः ९७७-२१-४६११००
इमेलः nhrcbrt@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोनः ०६१-४६२८११, ४६३८२२
फ्याक्सः ९७७-६१-४६५०४२
इमेलः nhrcpkr@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोनः ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ९७७-८१-५२६७०६
इमेलः nhrcnpj@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोनः ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ९७७-९१-५२५६२३
इमेलः nhrcdhn@nhrcnepal.org

**मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर**
जनकपुरधाम, धनुषा
फोनः ०४१-५२७८११, ५२७८१२
फ्याक्सः ९७७-०४१-५२७२५०
इमेलः nhrcjnk@nhrcnepal.org

## उप-क्षेत्रीय कार्यालयहरु

जुम्लाबजार, जुम्ला, फोनः ०८७-५२०२२२
दिक्तेल, खोटाङ, फोनः ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोनः ०७१-५४६९११


**राष्ट्रिय मानव अधिकार आयोगको हालको हटलाइन नम्बर ५०-१०-०००**


## पत्राचारको लागि

सम्पादक, मानव अधिकारपत्र, राष्ट्रिय मानव अधिकार आयोग,
केन्द्रीय कार्यालय, ललितपुर
पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
फोनः ०१-५०१००१५, फ्याक्सः ००९७७-१-५५४७९७३
इमेलः manav.adhikarpatra@nhrcnepal.org


**प्रापकः**

______________________________

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन : ०१-५०१००१५, फ्याक्सः ०१-५५४७९३ सम्पादक : यमबहादुर दुरा